बैठकको नामः क्व्होलासोथार गाउँपालिका (गाउँ कार्यपालिकाको बैठक)

बैठक क्रम संख्याः आठौं

अध्यक्षताः अध्यक्ष श्री सूर्यप्रसाद गुरुङ

मितिः २०८२।१०।२८, बुधबार

स्थानः क्व्होलासोथार गाउँपालिका सभाहल, मालिङ ।

उपस्थितीः

| क.स. | नामथर | पद | ठेगाना | दस्तखत |
|---|---|---|---|---|
| १ | सूर्यप्रसाद गुरुङ | अध्यक्ष | क्व्होलासोथार गा.पा. -६ | [signature] |
| २ | गमीमाया गुरुङ | उपाध्यक्ष | क्व्होलासोथार गा.पा. -४ | [signature] |
| ३ | पेमा गुरुङ | वडा अध्यक्ष, वडा नं. १ | क्व्होलासोथार गा.पा. -१ | |
| ४ | खुसिमान गुरुङ | वडा अध्यक्ष, वडा नं. २ | क्व्होलासोथार गा.पा. -२ | [signature] |
| ५ | आसविर गुरुङ | वडा अध्यक्ष, वडा नं. ३ | क्व्होलासोथार गा.पा. -३ | [signature] |
| ६ | नारायण गुरुङ | वडा अध्यक्ष, वडा नं. ४ | क्व्होलासोथार गा.पा. -४ | [signature] |
| ७ | गित वहादुर गुरुङ | वडा अध्यक्ष, वडा नं. ५ | क्व्होलासोथार गा.पा. -५ | [signature] |
| ८ | मनलाल गुरुङ | वडा अध्यक्ष, वडा नं. ६ | क्व्होलासोथार गा.पा. -६ | |
| ९ | लक्ष्मन गुरुङ | वडा अध्यक्ष, वडा नं. ७ | क्व्होलासोथार गा.पा. -७ | [signature] |
| १० | सन्तोष घले | वडा अध्यक्ष, वडा नं. ८ | क्व्होलासोथार गा.पा. -८ | [signature] |
| ११ | हुमराज गुरुङ | वडा अध्यक्ष, वडा नं. ९ | क्व्होलासोथार गा.पा. -९ | |
| १२ | श्री गंगा वहादुर घले | गाउँ कार्यपालिका सदस्य | क्व्होलासोथार गा.पा. -३ | [signature] |
| १३ | श्री सुल वहादुर बि.क. | गाउँ कार्यपालिका सदस्य | क्व्होलासोथार गा.पा. -३ | |
| १४ | श्री हेमन्ता गुरुङ | गाउँ कार्यपालिका सदस्य | क्व्होलासोथार गा.पा. -४ | [signature] |
| १५ | श्री केश कुमारी गुरुङ | गाउँ कार्यपालिका सदस्य | क्व्होलासोथार गा.पा. -८ | [signature] |
| १६ | श्री खास देवी गुरुङ | गाउँ कार्यपालिका सदस्य | क्व्होलासोथार गा.पा. -९ | [signature] |
| १७ | श्री पुष्पा सुनार | गाउँ कार्यपालिका सदस्य | क्व्होलासोथार गा.पा. -७ | [signature] |
| १८ | श्री माधव प्रसाद वाग्ले | प्रमुख प्रशासकीय अधिकृत | क्व्होलासोथार गा.पा. | [signature] |

१९ श्री वसन्ता पौडेल — लेखापाल — [signature]

२० श्री प्रकाश श्रेष्ठ — प्राविधिक शाखा प्रमुख — [signature]

२१ श्री रमेश शर्मा — न्याय प्रशासन शाखा प्रमुख — [signature]

२२. श्री त्रिलोक चन्द्र गुरुङ — [illegible] — [signature]

२३. श्री दिपक पौडेल — [signature]

२४. श्री अनिल पौडेल — ८२.५.३१ — [signature]

२५. श्री सन्दीप गुरुङ — रोजगार शाखा प्रमुख — [signature]

२६. श्री अनुप गुरुङ — पशुसेवा शाखा प्रमुख — [signature]

२७. श्री स्मृति अधिकारी — कृषि शाखा प्रमुख — [signature]

२८. श्री ममता गुरुङ — महिला शाखा प्रमुख — [signature]

## आठौं कार्यपालिका बैठक २०८२।१०।२८ गते, बुधवार

**प्रस्ताव नं १. संघीय समपुरक अनुदान तथा संघीय विशेष अनुदान अन्तर्गत कार्यान्वयन हुने आयोजना वा कार्यक्रम सम्बन्धमा।**

**निर्णय नं १** . राष्ट्रिय योजना आयोग, काठमाण्डौंसमक्ष आ.व. २०८३/०८४ का लागि सङ्घीय समपुरक र विशेष अनुदान अन्तर्गत कार्यान्वयन हुने आयोजना/कार्यक्रम/क्रियाकलापहरुमा यस क्व्होलासोथार गाउँपालिकाबाट देहायका आयोजना/कार्यक्रम/क्रियाकलापहरु माग गर्ने निर्णय ।

तपसिलः

**समपूरकः**

१. काम्रो र लम्क्यु खोला मोटर पुल निर्माण (क्रमागत )
२. ८ नं वडा कार्यालय भवन निर्माण, घाम्राङ
३. १ नं वडा कार्यालय भवन निर्माण, बाग्लुङपानी

**विशेषः**

१. कैयू झरना पर्यटकीय स्थल निर्माण, वडा नं ४, भुजुङ
२. पसगाउँ भुजुङ मोटरबाटो वडा नं ४ र ६
३. घलेगाउँ गोरखापार्क निर्माण, वडा नं ३

**प्रस्ताव नं २. सडक बोर्ड नेपालको कार्यक्रम छनौट र कार्यान्वयन सम्बन्धमा।**

**निर्णय नं २** नेपाल सरकार, सडक बोर्ड नेपालबाट आ.व. २०८२।०८३ मा यस क्व्होलासोथार गाउँपालिकालाई स्थानीय सडक मर्मत संभार कार्य शिर्षकको लागि रु ६,००,००० (अक्षेरुपी रु ६ लाख मात्र) विनियोजन भएकोले उक्त वजेट सडक मर्मत सम्भार कार्यान्वयन मार्गदर्शनबमोजिम **मालिङ डाँडागाउँ कपुरगाउँ सडकखण्ड** मर्मत सम्भार कार्यान्वयन गर्न स्वीकृत दिने ।साथै सडक बोर्ड नियमावली २०६० नियम ९ बमोजिम यस कार्यालयले व्योहोर्नुपर्ने वजेट समपुरक कोषबाट समावेश गर्ने ।

क्व्होलासोथार गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मालिङ, लमजुङ
गण्डकी प्रदेश, नेपाल
२०७३

माधव प्रसाद वाग्ले
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

## आठौं कार्यपालिका बैठक २०८२।१०।२८ गते, बुधवार

**प्रस्ताव नं ३. राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रमअन्तर्गत वडा योजना र सुचीकृत बेरोजगारको संख्या पारित सम्बन्धमा।**

**निर्णय नं ३.** यस गाउँपालिकाको आ. व. २०८२।०८३ को स्वीकृत राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रम अन्तर्गत देहाय बमोजिमका योजनाहरु ,सुचीकृत बेरोजगारको संख्या र कार्यान्वयन हुने वडा अनुमोदन गर्ने।

**देहाय:**

कार्यान्वयन हुने वडाहरु: ७ वटा
१०० दिनको रोजगार पाउने सुचीकृत बेरोजगार संख्या: ४३ जना
साझेदारीमा स्वीकृत बजेट: २९ लाख ७६ हजार मात्र।

| कार्यान्वयन हुने वडा नं. | आ.व. २०८२/०८३ मा राष्ट्रिय रोजगार कार्यक्रम अन्तर्गत छनौट भएका योजनाहरु | सुचीकृत संख्या | बजेट रकम रु. |
|---|---|---|---|
| २ | वडा न. २ आन्तरिक गोरेटो बाटो निर्माण तथा मर्मत | ५ जना | 345,000.00 |
| ३ | घलेगाउँ फुल्म्रो आन्तरिक गोरेटो बाटो निर्माण तथा मर्मत | ७ जना | 483,000.00 |
| ५ | सिंगु बसपार्क देखि स्वास्थ्य चौकी हुदै गाउँमाथि चौतारो गोरेटो बाटो निर्माण तथा मर्मत | ५ जना | 345,000.00 |
| ६ | कोम्रों डाँडा सडक स्तर उन्नती | ५ जना | 345,000.00 |
| ७ | आन्तरिक गोरेटो तथा मोटर वाटो निर्माण तथा मर्मत | ८ जना | 552,000.00 |
| ८ | वडा न. ८ आन्तरिक गोरेटो बाटो निर्माण तथा मर्मत | ८ जना | 552,000.00 |
| ९ | छापा आन्तरिक गोरेटो वाटो निर्माण तथा मर्मत | ५ जना | 345,000.00 |
| | जम्मा | ४३ जना | 29,76,000.00 |

**प्रस्ताव नं ४. करार सेवामा कार्यरत कर्मचारीहरुको म्याद थप सम्बन्धमा।**

**निर्णय नं ४.** क्व्होलासोथार गाउँपालिका वा अन्तर्गतका कार्यलयहरुमा कार्यरत करार सेवाका सम्पूर्ण कर्मचारीहरुको मिति २०८२ माघ ०१ देखि लागू हुने गरी २०८२ चैत मसान्तसम्मको लागि ३ महिना म्याद थप गर्ने। साथै कार्यरत सम्पूर्ण कर्मचारीहरुले अनुशासन, आचारसंहिताको पालना गर्नुपर्ने अन्यथा सम्झौता रद्द हुने।

**प्रस्ताव नं ५. वास प्लान कार्यन्वयन सम्बन्धमा।**

**निर्णय नं ५.** २०८१ असोजमा खानेपानी मन्त्रालय काठमाण्डौ, उर्जा जलस्रोत तथा खानेपानी मन्त्रालय गण्डकी प्रदेश र क्व्होलासोथार गाउँपालिका, लमजुङबीच भएको त्रिपक्षीय सम्झौता बमोजिम तालिम लिइसकेका वास फोकल पर्सन र गणकहरुबाट यस गाउँपालिकाको WaSH कार्ययोजना तयार गर्न बाँकी प्रकृया शीघ्र कार्यान्वयन गर्ने।

क्व्होलासोथार गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मालिङ, लमजुङ
गण्डकी प्रदेश, नेपाल
२०७३

माधव प्रसाद वाग्ले
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

आठौं कार्यपालिका बैठक २०८२।१०।२८ गते, बुधवार

**प्रस्ताव नं ६. आर्थिक सहायता सम्बन्धमा।**

**निर्णय नं ६.** सम्बन्धित व्यक्ति तथा संस्थाबाट प्राप्त निवेदन सहित आवश्यक संलग्न कागतजातहरु र वडा कार्यालयको सिफारिसका आधारमा देहायका संस्था तथा व्यक्तिहरुलाई आर्थिक सहायता उपलब्ध गराउने।

| क्र .सं. | व्यक्ति तथा संस्थाको नाम | सहायता रकम/ सामाग्री | उपलब्धताको कारण |
|---|---|---|---|
| १. | जिल्ला भलिवल संघ, लमजुङ | रु. २५,०००। | खेलकुद सञ्चालन तथा व्यवस्थापन |
| २. | कन्याज्योति युवा क्लव, वडा नं ३ | रु. ३५,०००। | खेलकुद सञ्चालन तथा व्यवस्थापन |
| ३. | नवौं लमजुङ महोत्सव, लमजुङ | रु. १,००,०००। | महोत्सव सञ्चालन तथा व्यवस्थापन |
| ४. | वाइसरी गुरुङ, वडा नं ३ | रु. ५०,०००। | उपचार खर्च |

**प्रस्ताव नं ७. विविध।**

**निर्णय नं ७.**

क) यस आर्थिक वर्षको कृषि शिविर क्व्होलासोथार वडा नं ८ स्थित मपिङमा सञ्चालन गर्ने।

ख) मिदिम खोला र रुदी खोला करिडोर क्षेत्रमा नदीजन्य पदार्थको अवैधानिक उत्खनन र माछामा करेन्ट र विष हाल्ने जस्ता जैविक विविधतामा ह्रास पुऱ्याउने गतिविधिहरु भइरहेको हुँदा विभिन्न स्थानहरुमा सूचनामूलक बोर्डहरु व्यवस्थापन गर्ने।

ग) वडा नं २ मालिङ ग्रोचेपोखरी देखि कलैची, मिदिम बेंसीसम्म ३ फेज विधुतीय लाइन(3 Phase line) विस्तार गर्न सहयोग र सहजीकरणका लागि सम्बन्धित निकायमा सिफारिस गर्ने।

घ) क्व्होलासोथार गाउँपालिका वडा नं ४ भुजुङ निवासी ७४ वर्षीय मलकुमारी गुरुङको वेसीशहर यात्राका क्रमका जीप दुर्घटना हुँदा दुखद निधन भएकोले उहाँप्रति भावपुर्ण श्रध्दाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनप्रति गहिरो समवेदना व्यक्त गर्ने। साथै, घाइतेहरुप्रति शिघ्र स्वास्थ्य लाभको कामना गर्ने।

क्व्होलासोथार गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय मालिङ, लमजुङ गण्डकी प्रदेश, नेपाल २०७४

CS CamScanner